**<u>मिति २०७९ असार १ गते बसेको मन्थली नगरपालिका नगर कार्यपालिकाको ६० औं वैठकका निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

कार्यपालिकाको ५९ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। मन्थली नगरपालिकाभित्र रहेका प्रमुख वजार क्षेत्रलाई सफा राख्न स्थानीय समुदाय, टोल विकास संस्थाको सहकार्यमा वजार सरसफाई र नाला सफाईको कार्य, सम्भावित विपदको क्षति न्यूनिकरण र व्यवस्थापनका लागि तयारी, मन्थली नगरपालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरुमा आइतवार पनि पठन पाठन सञ्चालन लगायतका वैठकका निर्णय कार्यान्वयनमा आएको र अन्य निर्णय कार्यान्वयनको चरणमा रहेको पाइयो।

**<u>निर्णय नं. २</u>**

मन्थली नगरपालिकाको आगामी नगर सभा (वजेट अधिवेशन) यही मिति २०७९ साल असार १० गते दिनको १० वजे नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

**<u>निर्णय नं. ३</u>**

मन्थली नगरपालिकाबाट जारी कार्यसम्पादन नियमावली २०७४ को दफा १५ मा उल्लेखित कार्यपालिकाको विषयगत समितिमा देहायका पदाधिकारीहरु चयन गर्ने ।

१. सार्वजनिक सेवा तथा क्षमता विकास

संयोजक भुवनहरि प्रसाई मनपा ७
सदस्य गोकर्णराज आरण मनपा ९
सदस्य राधा कार्की मनपा ५

२. आर्थिक विकास

संयोजक नवराज थापा मगर मनपा १३
सदस्य गोपिलाल तामांग मनपा १०
सदस्य उर्मिला वुढाथोकी मनपा मनपा ३

३. सामाजिक विकास

संयोजक गोपाल श्रेष्ठ मनपा ८
सदस्य रविन कार्की मनपा ५
सदस्य नन्दमाया कमिनी मनपा ९

४. पूर्वाधार विकास
संयोजक सुरेन्द्र कार्की मनपा २
सदस्य भिम वहादुर थापा मगर मनपा ११
सदस्य सरिता तामांग मनपा १४
५. वातावरण तथा विपद व्यवस्थापन
संयोजक कृष्ण गोपाल थापा मनपा ३
सदस्य राजन घिमिरे मनपा ४
सदस्य रमा परियार मनपा ७
६. विधेयक समिति
संयोजक मोतिलाल तामांग मनपा १४
सदस्य जानुका चौहान मनपा १३
सदस्य मान वहादुर विक मनपा ११

**निर्णय नं. ४**

आगामि आ.व.मा प्रस्तावित वडागत शिलिंगबाट कार्यान्वयन हुने योजना छनोटका लागि देहाय बमोजिमका वडागत शिलिंग योजना तर्जुमा मार्गदर्शन तय गर्ने ।

१. कम्तीमा दुई लाख भन्दा घटिका योजना प्रस्ताव नगर्ने ।

२. नगद अनुदान दिने किसिमका कार्यक्रम छनौट नगर्ने ।

३. विशेष आवश्यकता र औचित्य पुष्टि नहुने खरिदका कार्यक्रम छनौट नगर्ने ।

४. कार्यक्रम छनौटमा व्यक्तिगत लाभलाई भन्दा सामुदायिक लाभलाई प्राथमिकता दिने ।

५. महिला, वालवालिका, अपांग र ज्येष्ठ नागरिक तथा लक्षित वर्गको उत्थान हुने कार्यक्रमलाई समेट्ने ।

६. शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र जस्ता आवश्यक सेवाको गुणस्तर अभिवृद्धि तथा भौतिक संरचना सुधार हुने कार्यक्रममा जोड दिने ।

७. नगरी नहुने र कम लागतमा हुने मर्मत सम्भार लगायतका दुई लाख सम्मका योजनाहरु औचित्यता पुष्ट्याईका आधारमा एकै उपभोक्ता समिति मार्फत गर्ने गरी वजेट प्रस्ताव गर्न सकिने ।

**निर्णय नं. ५**

नगरपालिकाबाट सम्पादन हुने सेवा प्रवाहलाई जवाफदेही र प्रभावकारी बनाउन कार्यालयबाट मस्यौदा भई वैठकमा पेश भएको सार्वजनिक सेवा प्रवाहको मापदण्ड २०७९ मा आएका सुझाव समेटी आगामी  कार्यपालिकाको वैठकमा पेश गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६**

नगरपालिकाबाट सार्वजनिक गर्नु पर्ने सार्वजनिक सुचना, विज्ञापन, सन्देश प्रकाशनमा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिने । नगरपालिकाको लिखित स्वीकृतिविना छापिएका/प्रशारण भएका सुचना तथा सन्देश र विज्ञापनको भुक्तानी नगर्ने साथै सुचना, सन्देश, विज्ञापनलाई व्यवस्थित गराउन कार्यविधि निर्माण गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउन मन्थली नगरपालिकाद्वारा सञ्चालित आप्रवासी स्रोत केन्द्रलाई वैदेशिक रोजगार बोर्डको सचिवालयमा सुचिकृत गराउने ।

**निर्णय नं. ८**

वर्षायाममा हुने क्षति कम गर्न र वातावरण संरक्षण समेतका लागि सडकका ट्र्याक खोल्ने कार्य आगामी भदौ मसान्तसम्म बन्द गर्ने ।